# झापा जिल्ला विकास समिति

# क्षमता विकास योजना अध्यावधिक प्रतिवेदन

(आ व २०७२/७३-२०७४/७५)

२०७२ माघ २९


**जिल्ला विकास समितिको कार्यालय**

भद्रपुर,झापा

फोन नं.: ०२३ ४५६०३४

इमेलः Info@ddcjhapa.gov.np

वेबसाइटः www. ddcjhapa.gov.np

# विषयसूची


| विवरण | पेज नं |
|---|---|
| कार्यकारी सारंश | १ |
| योजनाको पृष्ठभूमि | २ |
| जिल्ला क्षमता विकास योजना अवधारणा तथा विशेषताहरु | २ |
| क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया | ३ |
| योजनाको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु | ४ |
| क्षमता विकासका रणनीतिहरु | ६ |
| जिल्ला क्षमताको विद्यमान अवस्था र आवश्यकता पहिचान | ७ |
| क्षमता विकासका लागी प्राथमिकता प्राप्त क्रियाकलाप, कार्यान्वयन र अनुगमन समय तालिका | ८ |
| क्षमता विकास योजनाको अनुगमन तथा मूल्यांकन | १२ |


**अनुसूचीहरु**


| | |
|---|---|
| अनुसूची १ : क्षमता विकास योजनाको लक्ष्य, उदेश्य, प्रतिफलहरु, क्रियाकलापहरु तथा सूचकहरु | १३ |
| अनुसूची २ : क्षमता विकास योजना तर्जुमा कार्यक्रम तालिका | १६ |
| अनुसूची ३ : विद्यमान क्षमता अवस्था र आवश्यकताहरु | १९ |
| अनुसूची ४ : क्षमता विकास योजनासँग सम्बन्धित सन्दर्भ सामग्रीहरु | ३१ |

**शंब्द संक्षेप**

| | | |
|---|---|---|
| आ.ले.प. | : | आन्तरिक लेखा परिक्षण |
| आ.ले.प. | : | आन्तरिक लेखा परिक्षण |
| का.अ. | : | कार्यक्रम अधिकृत |
| CCU | : | Cluster Coordination Unit |
| DP | : | Development Partner |
| गाविस | : | गाउँ विकास समिति |
| जिविस | : | जिल्ला विकास समिति |
| LGCDP | : | Local Governance and Community Development Programme |
| मा.सं.वि.का.के | : | मनव संसाधन विकास केन्द्र |
| स्था.वि.अ. | : | स्थानीय विकास अधिकारी |
| स्था.वि.म. | : | स्थानीय विकास मन्त्रालय |
| स्था.स्वा.शा.ऐ | : | स्थानीय स्वायत्त शासन ऐन |
| स्था.शा.सा.वि.का | : | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम |
| CD | : | Capacity Development |
| क्ष.वि.स.स | : | क्षमता विकास समन्वय समिति |
| क्ष.वि. | : | क्षमता विकास |
| क्ष.वि.यो | : | क्षमता विकास योजना |
| यो.अ.प्र.का. | : | योजना, अनुगमन तथा प्रशासकीय अधिकृत |

## कार्यकारी सारांश

स्थानीय निकायहरुको क्षमता विकासको लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्दारा विभिन्न प्रयासहरु हुँदै आएका छन जुन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३५ मा नेपाल सरकारले स्थानीय निकायहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार जिल्ला विकास समिति झापाले आ.व. २०६६/६७-२०६८/६९ सम्मको ३ वर्षे क्षमता विकास योजना तयार गरिएकोमा न्यूनतम शर्त तथा मापन कार्य विधिमा क्षमता विकास योजना अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेको र सो व्यवस्थालाई ध्यानमा राख्दै जिल्ला विकास समिति झापाले शाखा प्रमुखहरुको टोली गठन गरी छलफल, अन्तरकृया, गोष्ठी र परामर्शद्धारा क्षमता विकास योजना अध्यावधिक गरिएको छ।

स्थानीय निकायहरुको अधिकार तथा जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय निकायहरुको क्षमतामा विकास आवश्यक रहेको र जनतालाई प्रदान गर्ने सेवा सुविधालाई सरल, सुलभ, गुणस्तरीय, व्यवस्थित, योजनाबद्ध र प्रणालीगत तरिकाले प्रदान गर्न जिल्लाको क्षमता विकास योजना तर्जुमा गरिएको छ।

जिविस र गाविससगं सिधै सम्बन्ध राख्ने राजनिति सर्वदलिय सयन्त्रको जिल्ला विकास प्रतिको चाहना, विषयगत कार्यालयहरुको निक्षेपणको अवस्था, क्षमता र माग र नीजि क्षेत्र तथा सरोकारवालाहरुका विकासमा सहभागिताको चाहनामा आधारित रहेर विगतमा तयार गरिएको क्षमता विकास योजनालाई सहभागितात्मक विधिद्धारा छलफल गरी हालको क्षमताको स्थिति छलफल र विष्लेषण गरि क्षमता आवश्यकताको पहिचान तथा प्राथमिकीकरण गरेर क्षमता विकास योजना तर्जुमा गरिएको छ। जिल्ला विकास समिति र गाविसहरुमा केन्द्रीतगरेर योजना तयार भएता पनि समन्वय तथा सहकार्यको पक्षमा क्षमता विकासका लागि गैसस, विषयगत कार्यालय, निजि क्षेत्र तथा अन्य सरोकारवालामा समेत योजना केन्द्रीत छ।

यो क्षमता विकास योजना तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण व्यवस्थापन जस्ता अहम विषय/क्षेत्रमा समेत क्षमता विकास हुने गरी योजना तर्जुमा गरिएको र सामाजिक परिचालन तथा सूचना, शिक्षा र सञ्चार, स्थानीय निकाय जवाफदेहि संयन्त्र क्षमता विकास योजनाको पुरकको रुपमा प्रयोग गरिएको छ। क्षमता विकास योजनाले नीति, प्रणाली र कार्यविधि, भौतिक श्रोत साधन र सुविधा, मानस संधान तथा ज्ञान सीप र धारणालाई क्षमता विकासको साझा मुद्दाहरु र रणनीतिक व्यवस्थापन, संगठन विकास, वित्तिय व्यवस्थापन तथा श्रोत परिचालन, सूचना व्यवस्थापन, योजना/कार्यक्रम कार्यान्वयन, सेवा प्रवाह र समन्वय र सहकार्य क्षमता विकासको डालो विषय क्षेत्रकोरुपमा लिई एकीकृत क्षमता विकास योजना तर्जुमा गरिएको छ।

जिल्लाको क्षमताको विद्यमान अवस्थाको सहभागीतात्मक लेखाजोखा गर्दा सूचना तथा अभिलेखिकरण र वित्तिय व्यवस्थापनमा अवस्था राम्रो रहेको छ भने समावेशी विकास नितिमा रही बजेट बिनियोजन गरेता पनि कार्यान्वयन पक्ष सुधारयोग्य रहेको साथै निक्षेपित, बिषयगत कार्यालय, गैसस, निजि क्षेत्रसंग अझै बढि समन्वय र सहकार्यको आवश्कता रहेको देखिन्छ। हाल मुख्य रुपमा सुचना, समावेशी बिकास, संस्थागत विकास, योजनागत व्यवस्थापन, आर्थिक ब्यवस्थापन जस्ता विभिन्न विषयमा अध्ययन, योजना निर्माण, सफ्टवेयर, तालिम/अन्तरक्रियामा गतिविधिहरु सञ्चालनमा रहेका छन्।

क्षमता विकास योजना अन्तर्गतका क्रियाकलापहरुका लागि लाग्ने अनुमानित रकम, भौतिक लक्ष्य, समय र जिम्मेवारी सहित ३ बर्षिय क्षमता विकास कार्ययोजना तयार गरिएको छ। सहभागितामूलक विधि र प्रक्रिया बमोजिम योजानाको लक्ष्य, उद्देश्यहरु, प्रतिफल तथा मापन गर्ने सूचकहरु पनि तर्जुमा गरिएको छ।

## १. योजनाको पृष्ठभूमी

नेपालको संविधान २०७२ को भाग १७ मा स्थानीय कार्यपालिका, भाग १८ मा स्थानीय व्यवस्थापिका, भाग १९ मा स्थानीय आर्थिक कार्य प्रणाली र भाग २० मा संघ, प्रदेश र स्थानीय तह विच अन्तरसम्वन्ध स्थानीय स्वायत्त शासन सम्वन्धी व्यवस्था रहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायहरुलाई विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन ऐनको दफा २३५ मा नेपाल सरकारले स्थानीय निकायहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । यसै अनुरुप स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय निकायहरुको अधिकार तथा जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय निकाय (गाविस, नगरपालिका र जिविस) हरुको क्षमतामा विकास हुनु अनिवार्य छ ।
रुपान्तरणमुखी, सबल र सक्षम स्थानीय निकायहरुबाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन हुन सक्ने विश्वास गर्न सकिन्छ । समयक्रमसँगै विकासका नयाँ अवधारणा, सोच, सिद्धान्त र अभ्यासहरु तथा स्थानीय निकायहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत परिमार्जनहरु भएका छन् । स्थानीय निकायहरुको क्षमता विकासको लागि स्थानीय विकास मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान तथा अन्तर्गतका तालिम केन्द्रहरु, स्थानीय निकाय संघ महासंघ, दातृ निकायहरु साथै स्थानीय निकायहरुको आफ्नै प्रयासबाट तालिम लगायत क्षमता विकासका विभिन्न क्रियाकलापहरु हुँदै आएको पनि छ । तर त्यस्ता क्रियाकलापहरु योजनाबद्ध, व्यवस्थित र प्रणालीगत तरिकाले सम्पादन हुन सकिरहेको छैन ।

स्थानीय स्वायत्त शासन ऐनको दफा २३५ मा नेपाल सरकारले स्थानीय निकायहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । स्थानीयस्तरमा सेवा प्रवाह र स्थानीय विकासमा गुणात्मक सुधार गर्न गाविस तथा जिविस तथा सरोकारवालाहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु एकीकृत रुपमा तर्जुमा र संचालन गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्वा.शा.सा.वि.का.बाट जारी गाविस तथा जिविसको क्षमता विकास कार्यविधि २०६६ को आधारमा क्षमता विकास योजना तयार गरिएको छ । उक्त क्षमता विकास योजना कार्यान्वयनमा जिल्ला विकास समिति झापाको मावन संशाधन विकास केन्द्रका कार्यक्रमहरु, गाविसहरुका क्षमता विकास तथा समावेशी विकास सम्वन्धि तालिमहरु, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत LGCDP, गरिबसंग विश्वेश्वर, महिला, आदिवासी, दलित, अपांग, उपेक्षित उत्पीडित मधेशी मुस्लिम पिछडा वर्ग समन्वय समितिका कार्यक्रमहरु लगायत अन्य आयोजनाका कार्यक्रमहरुले स्थानीय निकायहरु र स्थानीय विकासका सम्बद्ध साझेदार निकाय, सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गरिरहेका छन् ।

## २. क्षमता विकास योजना अवधारणा तथा विशेषताहरु

यस क्षमता विकास योजना तयार गर्दा ६ वटा मुख्य क्षेत्रहरुलाइ आधार मानि त्यसैको आधारमा संस्थागत क्षमताको विश्लेषण गरिएको छ । हरेका क्षेत्रका अलग-अलग सूचकहरुका आधारमा अपेक्षित क्षमता, वर्तमान क्षमता अवस्था, क्षमता न्यूनता र क्षमता विकासका आवश्यक क्रियाकलापहरुको पहिचान गरिएको छ । स्थानीय निकायहरुको क्षमता विकासका लागि आपूर्ति तथा मागमा आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ ।
सम्वन्धित सरोकारवालाहरुको स्वामित्व स्थापीत गर्ने उद्देश्यले यो क्षमता विकास योजना तर्जुमा प्रकृयाको सम्पूर्ण चरणमा सरोकारवालाहरुको सक्रिय सहभागीता सुनिश्चित गरिएको थियो । वूँदागत रुपमा यस क्षमता विकास योजनाका विशेषताहरु यस प्रकार छन् :

- यो योजनाको अवधि ३ वर्ष रहने छ ।
- यस क्षमता विकास योजना तर्जुमा पक्रिया सहभागीमूलक क्षमता विश्लेषण प्रक्रिया

- निर्देशिकाले निर्दिश्ट गरेका क्रियाकलापमा मात्र क्षमता विकासको लागि रकम खर्च गर्न सकिने छ ।
- यो योजना जि.वि.स.को मात्र नभइ जिल्ला अन्तर्गतका सम्पूर्ण सरोकारवालाहरु र अन्य सेवा प्रदायकहरुको क्षमता विकास संग सम्वन्धित छ ।

## ३. क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया

जिल्ला क्षमता विकास योजना तर्जुमा अध्यावधिक क्रममा जि.वि.स कर्मचारी, राजनीतिक संयन्त्र, राजनीतिक दल, गा.वि.स, गैसस, स्थानीय निकायका संघ संस्थाहरुको सहभागीता रहेको थियो । यस क्रममा कार्यशाला प्रक्रिया, व्यक्तिगत अर्न्तवार्ता तथा लक्षित समूह छलफल जस्ता विधिहरुको प्रयोग मार्फत आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

जिल्ला क्षमता विकास योजना तर्जुमाको विधि तथा प्रक्रियाहरु यस प्रकार रहेका छन् ।

- ***क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे अभिमुखीकरणः***

जिल्ला क्षमता विकास योजना तर्जुमा क्रममा सर्वप्रथम जिल्ला क्षमता विकास समिति, जि.वि.स कर्मचारी, गैर सरकारी संस्था, सञ्चार क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुलाई क्षमता विकासको आवश्यकता, रणनीति तथा यसको प्रक्रिया बारे अभिमुखिकरण गरिएको थियो ।

- ***जि.वि.स तथा सरोकारवालाहरुको क्षमता विकासको विद्यमान स्थिति लेखाजोखाः***

जिल्ला क्षमता विकास योजनाको दोस्रो चरणमा जि.वि.स, गा.वि.स., गैसस, विषयगत कार्यालय, निजी क्षेत्र तथा नागरिक समाजको सहभागीतामा यी संस्थाहरुको वर्तमान क्षमता स्थितिको लेखाजोखा गरिएको थियो ।
यसका लागि जिल्ला क्षमता विकास कार्यविधि २०६६ मा उल्लेखित क्षमता विकास लेखाजोखाको ढाँचा प्रयोग गरिएको थियो । यसक्रममाणमा जि.वि.स, गा.वि.स., गैसस, विषयगत कार्यालय, निजी क्षेत्र तथा नागरिक समाजको क्षमता विकासको लागि आवश्यक क्रियाकलापहरु पहिचान गरिएको थियो ।

- ***क्षमता विकास योजना तर्जुमा कार्यशालाः***

जि.वि.स, गा.वि.स., गैसस, विषयगत कार्यालय, निजी क्षेत्र तथा नागरिक समाजको क्षमता विकासको विद्यमान स्थिति र आवश्यकता सम्बन्धि स्थिति विश्लेषण प्रस्तुतीकरण गरी बृहत समूहमा छलफल गरियो । जि.वि.स, गा.वि.स., गैसस, विषयगत कार्यालय, निजी क्षेत्र तथा नागरिक समाजको लागि भिन्दा भिन्दै समूह बनाई छलफल गरियो र समूहगत निचोडलाई बृहत समूहमा छलफल गरिएको थियो । क्षमता विकासका निम्नलिखित क्षेत्रहरुमा केन्द्रित भई विभिन्न चरणमा छलफल चलाइएको थियो ।

१) रणनीतिक व्यवस्थापन (नीति, नियम, निर्देशिका तथा कार्यविधि, सहभागितामूलक तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव मुल्याङ्कन, समावेशीकरण, प्रगति समीक्षा तथा प्रतिवेदन आदी) ।

२) संगठनात्मक विकास (संगठन विकास, कार्य विवरण, कार्य सम्पादन मुल्याङ्कनको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था, कर्मचारी पदपूर्ती, तालिम अनुशिक्षण तथा अन्तरक्रिया, करार सेवा तथा सेवा खरिद, कार्यालय/स्थान र प्राविधिक उपकरणहरुको व्यवस्था आदी) ।

३) आर्थिक व्यवस्थापन तथा श्रोत परिचालन (आन्तरिक राजस्व परिचालन, श्रोत परिचालन, कम्प्युटराइज्ड लेखा प्रणाली, पेश्की/वेरुजु व्यवस्थापन, खरिद योजना, लेखा परिक्षण तथा वित्तिय अनुशासन प्रणाली, सूचनाको हक आदि),

४) सूचना व्यवस्थापन (वस्तुगत तथा विषयगत स्थिति विश्लेषण, सूचना प्रविधि, अभिलेख तथा प्रकाशन, पंजिकरण, सिकाई आदि),

५) सुशासन तथा सेवा प्रवाह (निर्णय प्रक्रिया तथा सहभागिता, पारदर्शिता र जवाफदेहिता, गुनासो व्यवस्थापन, सेवा प्रवाह तथा सूचना प्रवाह आदि)

६) समन्वय, सम्बन्ध तथा सञ्जाल (विकासका साझेदारहरु बीच संस्थागत सम्बन्ध र सहकार्यको अभ्यास, एकिकृत कार्ययोजना तथा नतिजामूलक अनुगमन, श्रोत परिचालन, गैसस तथा सामुदायिक संस्थाहरुको परिचालन आदि),

## ४. योजनाको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु

**लक्ष्य**

जिविस, गाविस एवं साझेदारहरुको सेवा प्रवाह तथा विकास व्यवस्थापन दक्ष, समावेशी, जवाफदेही र प्रभावकारी भएको हुनेछ ।

**उद्देश्य :**

स्थानीय सेवा प्रवाह पद्धति सरल, स्पष्ट, सहज र गुणस्तरीय भइ विकासका स्थानीय साझेदारहरुको कार्य सम्पादनस्तरमा सुधार भएको हुनेछ ।

### उद्देश्य प्राप्त गर्नका लागि प्रतिफल

- ✓ स्थानिय निकाय एवम विकासका साझेदारहरुको कार्य सम्पादनका लागि सरल कार्यविधि, संयन्त्र तथा प्रणाली तयार भई प्रयोग भएको हुनेछ ।
- ✓ स्थानीय सेवा प्रवाह र विकासका लागि मानव संसाधनको व्यवस्था, कार्य दक्षता र परिचालन बृद्धि भएको हुनेछ
- ✓ जिल्लाको आन्तरिक स्रोत, वित्तिय व्यवस्थापन तथा परिचालन प्रकृया व्यवस्थित भएको हुनेछ ।
- ✓ विकासका लागि न्यूनतम पूर्वाधार, उपकरण, सुविधा तथा सूचना प्रविधिको बृद्धि भएको हुनेछ ।
- ✓ स्थानीय सेवा प्रवाह र विकासमा स्थानीय नेतृत्व, सहभागिता र पारदर्शिता बृद्धि भएको हुनेछ । सुशासन तथा पारदर्शिताको अवस्था सवल भएको हुनेछ

माथि उल्लेखित उद्देश्य प्राप्त गर्नका लागि निम्नलिखित प्रतिफलहरु प्राप्त गरिनेछ ।

**प्रतिफल १: जि.वि.स. तथा गाविसहरुको कार्य सम्पादनका लागि सरल कार्यविधि, संयन्त्र तथा प्रणाली तयार भई भइ प्रयोगमा आएको हुनेछ ।**

**प्रतिफल मापनका सूचकहरु**

- सेवा प्रवाह तथा कार्य सम्पादनका लागि आवश्यक सुशासन, सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, कृषि, पशु र उधोग आदि सम्वन्धि नीति, निर्देशिका तथा विशेष कोष परिचालनका कार्यविधिहरु तयार भई प्रयोगमा आएका हुनेछन् ।
- जि.वि.स. तथा सरोकारवालाहरु गरी कम्तिमा ५००० जना व्यक्तिहरु कार्य सम्पादनका लागि आवश्यक ऐन, नियम, नीति, निर्देशिका तथा कार्यविधिबारे गोष्ठी, पत्रपत्रिका, वुलेटिन, एफ. एम. र टि.भी आदि माध्यमद्धारा जानकारी पाएका हुनेछन् ।
- स्थानीय विकास योजना तर्जुमा, अनुगमन, समिक्षा तथा प्रतिवेदन सम्बन्धि फाराम तथा ढाँचा तयार भई प्रयोगमा आएका हुनेछन् ।
- तोकिएको ढाँचा अनुसार आवधिक प्रगति विवरण समयमै नियमित रुपमा पेश भएको हुनेछ ।

- जिल्ला विकास योजना अनुगमन कार्यतालिका तर्जुमा भई कार्यान्वयन र प्रतिवेदन प्रणाली व्यवस्थित भएको हुनेछ ।

**प्रतिफल २: स्थानीय सेवा प्रवाह र विकासका लागि मानव संसाधनको व्यवस्था, कार्य दक्षता र परिचालन बृद्धि भएको हुनेछ ।**

**प्रतिफल मापनका सूचकहरु**

- जिविसमा रिक्त रहेका दरवन्दी पूर्ति तथा सबै गाविसमा सचिवको व्यवस्था भएको हुनेछ र जिविसका पदाधिकारी, कर्मचारी, गाविस सचिव, दलका प्रतिनिधि, सामाजिक परिचालक, गैसस, सिविओका १५० जना प्रतिनिधिहरुले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनबारे ज्ञान सीप हासिल भएको हुनेछ ।
- ८० प्रतिशत योजना तथा कार्यक्रम कार्यतालिका अनुसार समयमा सम्पन्न भएका हुनेछन् ।
- जिल्ला तथा गाविसस्तरीय एकिकृत योजना तर्जुमा समिति क्रियाशिल भई समयमै जिल्ला तथा गाउँ परिषद सम्पन्न भएका हुनेछन् ।
- जिल्ला तथा गाविस चौमासिक तथा वार्षिक समीक्षा गोष्ठी, सार्वजनि सुनुवाई, सामाजिक परिक्षण, योजनाको सार्वजनिक परिक्षण समय मै सम्पन्न भएका हुनेछन् ।
- ३३ वटै गाविसहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र गठन भै योजना तर्जुमा, अनुगमन र स्थानीय सेवाको गुणस्तर परिक्षणमा क्रियाशिल तथा परिचालन भएको हुनेछ ।

**प्रतिफल ३ :जिल्लाको आन्तरिक स्रोत, वित्तिय व्यवस्थापन तथा परिचालन प्रकृया व्यवस्थित भएको हुनेछ ।**

**प्रतिफल मापनका सूचकहरु**

- दर्तावाल लेखापरिक्षकको परिचालन गरी ३३ वटै गाविसहरुको लेखा राख्ने, समयमा नै आर्थिक विवरण तयार तथा पेश भएको हुनेछ ।
- ३३ वटै गाविस र जिविस झापाले Account Software संचालनमा ल्याएका हुनेछन् ।
- सबै गाविसका लेखा राख्ने कर्मचारी र गाविस सचिवहरुलाई Record keeping र लेखा राख्ने प्रणाली सम्वन्धि तालिमद्धारा प्रशिक्षीत भएका हुनेछन् ।
- सबै गाविसहरु लेखाको श्रेस्ता तथा अभिलेख राखेको र समयमा प्रतिवेदन तयार र पेश भएको हुनेछ ।
- गाविस तथा जिविसको आन्तरिक आयको प्रक्षेपण भई २० प्रतिशतले आन्तरिक आय वृद्धि भएको हुनेछ ।

**प्रतिफल ४: स्थानीय सेवा प्रवाह तथा विकासका लागि न्यूनतम पूर्वाधार, उपकरण, सुविधा तथा सूचना प्रविधिको बृद्धि भएको हुनेछ ।**

**प्रतिफल मापनका सूचकहरु**

- स्थानीय सेवा प्रवाह तथा विकास सम्बन्धि कम्प्युटर सफ्टवयर स्थापना र सञ्चालन भएको हुनेछ ।
- सूचना प्रविधिको प्रयोग गरी अभिलेख अद्यावधिक गर्ने, नियमित रुपमा प्रतिवेदन तयार गर्ने र दोहोरो सञ्चारको प्रयोग भएको हुनेछ ।

- जिविसमा इमेल तथा इन्टरनेट जडान र योजना तर्जुमा, अनुगमन तथा प्रतिवेदनमा प्रयोग भएको र वेवसाईट निर्माण तथा अद्यावधिक भएको हुनेछ ।
- जिल्ला सूचना केन्द्रमा तोकिएका सूचना विवरणहरुको अद्यावधिक विवरण राखिएको हुनेछ ।
- जिन्सी, पञ्जिकरण, योजना, लेखा, सामाजिक सुरक्षा, गैसस, DPMAS, GIS, WBRS सम्वन्धि Softwareहरु संचालन भएका हुनेछन् ।

**प्रतिफल ५ :** स्थानीय सेवा प्रवाह र विकासमा स्थानीय नेतृत्व, सहभागिता र पारदर्शिता बृद्धि भएको हुनेछ । सुशासन तथा पारदर्शिताको अवस्था सवल भएको हुनेछ

**प्रतिफल मापनका सूचकहरु**

- स्थानीय सेवा प्रवाह पछाडि पारिएका वर्ग, समुदाय र क्षेत्रका सदस्यहरुको योजना तथा बजेट तर्जुमा र निर्णय प्रक्रियामा सहभागिता बृद्धि हुनेछ ।
- गाविसहरु तथा जिविसले स्विकृत वार्षिक योजना, कार्यक्रम तथा बजेटबारे आम नागरिक जानकारी पाएका हुनेछ ।
- योजनाहरुको योजना सम्पन्न पश्चात सार्वजनिक परिक्षण भएको हुनेछ ।
- जिल्लाका विभिन्न विषय क्षेत्रहरुमा क्षमता विकास सेवा प्रदायहरु सूची तयार भई क्षमता विकासका कार्यहरुमा सेवा प्रदायकहरु परिचालन भएको हुनेछ ।
- जिविस तथा गाविसहरुले नीजि क्षेत्र, गैसस, सामुदायिक संस्थासँग साझेदारी गरी योजना/कार्यक्रम कार्यान्वयन तथा सञ्चालन भएका हुनेछन् ।

## ५.जिल्ला क्षमता विकासका रणनीतिहरु

जि.वि.स, राजनैतिक संयन्त्र, विषयगत कार्यालयहरु, लगायत स्थानीय सेवा प्रवाह, स्थानीय विकास र सेवा प्रवाहसँग सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागितामा सेवा प्रदायक संस्थाका सम्बन्धित क्षेत्रका पेशागत दक्ष तथा अनुभवी विषयगत विज्ञको सहजिकरणमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्वा.शा.सा.वि.का.बाट उपलब्ध जि.वि.स.का लागी जिल्ला क्षमता विकास कार्यविधि २०६६ बमोजिम एकीकृत क्षमता विकास योजना तर्जुमा तयार गरिएको छ । जिल्ला क्षमता विकासका रणनीतिहरु तपसिल बमोजिम रहेका छन् ।

१. क्षमता विकास योजनामा जि.वि.स. तथा स्थानीय विकास तथा सेवा प्रवाहसँग सम्बन्धित सरोकारवालाहरुको संस्थागत विकास, मानव संसाधन, आर्थिक व्यवस्थापन, प्रविधि र कार्यमूलमक सम्बन्ध विकास तथा कार्यवातावरणमा सकारात्मक परिवेश विकास गर्ने कुरामा विशेष ध्यान केन्द्रित गरिनेछ ।

२. क्षमता विकास योजनामा जि.वि.स. क्षमता विकासको लागि मागमा आधारित (Demand-Driven) तथा आपूर्तिमा आधारित (Supply-Driven) दुवै प्रकारका कार्यक्रमहरु समावेश गरिएको छ । यो योजना तर्जुमा गर्दा जि.वि.स.को न्यूनतम शर्त तथा कार्य सम्पादन (MCPM) मुल्याङ्कनमा देखिएको परिणामको आधारमा कमजोर पक्षहरुलाई सम्बोधन गर्ने कुरामा ध्यान दिइएको छ ।

३. क्षमता विकास योजना तर्जुमा गर्दा जि.वि.स.को विपन्नता नक्शाङ्कन,सेवा प्रवाह सम्बन्धी कार्यहरु (प्राविधिक तथा लेखा/आर्थिक व्यवस्थापनका लागि वाह्य सेवा प्रदायक परिचालन, लाई विशेष प्राथमिकता प्रदान गरिएको छ ।

४. क्षमता विकास योजना तर्जुमा गर्दा जि.वि.स.ले लैंगिक तथा सामाजिक समावेशिकरण क्षेत्रमा समेत क्षमता विकास हुने गरी योजना तर्जुमा गरिएको र सामाजिक परिचालन तथा सूचना, शिक्षा र सञ्चार (Information Education and Communication) लाई क्षमता विकास योजनाको पुरकको रुपमा प्रयोग गरिएको छ ।

५. जि.वि.स.ले आफ्नो जिल्ला भित्र पर्ने गा.वि.स. , उपभोक्ता समिति, सामुदायिक संस्था, नागरिक समाज, तथा नीजि सेवा प्रदायकहरुको क्षमता विकास स्थिति लेखाजोखा तथा आवश्यकता पहिचान गरी क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन र व्यवस्थापन गर्न आवश्यक सहयोग गर्नेछ ।

६. स्थानीय सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका बृद्धि गरिने तथा विकास कार्यक्रमहरुको कार्यान्वयनमा उपभोक्ता समिति, सामुदायिक संस्था तथा गैससको परिचालनलाई प्राथमिकता तथा विशेष जोड दिइनेछ ।

७. क्षमता विकास योजनाहरुको कार्यान्वयन तथा प्रभावकारिताको लागि अनुगमन एवं सहजिकरण गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्वा.शा.सा.वि.का., क्लष्टर समन्वय इकाई (Cluster Coordination Unit), जि.वि.स. तथा नागरिक समाजको महत्वपूर्ण भूमिका हुनेछ ।

## ६. जिल्ला स्थित सम्बन्धित सरोकारवालाहरुको क्षमताको विद्यमान अवस्था र आवश्यकता पहिचान (Gap Analysis)

जिल्ला क्षमता विकास योजनाको दोस्रो चरणमा जि.वि.स., गा.वि.स.,विषयगत कार्यालय, गैसस, निजी क्षेत्र तथा नागरिक समाजको सहभागीतामा यी संस्थाहरुको वर्तमान क्षमता स्थितिको लेखाजोखा गरिएको थियो । यसका लागि जिल्ला क्षमता विकास कार्यविधि २०६६ मा उल्लेखित क्षमता विकास लेखाजोखाको ढाँचा प्रयोग गरिएको थियो । यसक्रममा जि.वि.स., गा.वि.स.,विषयगत कार्यालय, गैसस, निजी क्षेत्र तथा नागरिक समाजको क्षमता विकासको लागि आवश्यक क्रियाकलापहरु पहिचान गरिएको थियो ।

यसका साथै सहभागितात्मक लेखाजोखा विधिद्धारा गाविस, जिविस र स्थानीय विकास, सेवा प्रवाह तथा सुशासनसँग संबन्धित सरोकारवालाहरुको क्षमताको विद्यमान स्थिति र क्षमता फरकको आधारमा क्षमताका आवश्यकता पहिचान गरिएको थियो । क्षमता लेखाजोखा तथा आवश्यकता पहिचानको निष्कर्ष यस दस्तावेजको **अनुसूची ३ मा** प्रस्तुत गरिएको छ ।

### ७. क्षमता विकासका प्रस्तावित क्रियाकलाप, कार्यान्वयन तथा अनुगमन समय तालिका

क्षमता विकास योजना तर्जुमा प्रक्रियामा सरोकारवालाहरु बीच सहभागितात्मक छलफल विधि बमोजिम क्षमताको स्थिति लेखाजोखा गरी आवश्यकता पहिचान गरिएको थियो । यसैगरी जिविस तथा गाविसहरुको क्षमता विकास कार्यविधि २०६६ बमोजिम सहभागितात्मक छलफल विधिद्धारा क्षमता विकासका क्रियाकलापहरुको पहिचान, छलफल र विष्लेषण गरी क्षमता विकासका क्षेत्र तथा क्रियाकलापहरु बमोजिम आपूर्ती तथा मागमा आधारित क्षमता विकासका क्रियाकलापहरुको वर्गीकरण तथा क्षेत्र अनुसार प्राथमिकता निर्धारण गरिएको थियो । क्षमता विकासका क्रियाकलापहरुको प्राथमिकीकरण गर्दा प्रति इकाई लागत, लाभन्वित व्यक्तिको संख्या, लाग्ने समय, सेवा प्रदायकको उपलब्धता, लागत सहभागिता, समस्याको गंम्भिरता, लाभान्वित वर्ग र दिगोपनालाई आधारको रुपमा लिएको थियो । आपूर्ति तथा मागमा आधारित प्राथमिकता प्राप्त क्षमता विकासका प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क.सं. | क्षमता विकासका क्षेत्र, उपक्षेत्र अनुसार क्षमता विकासका प्राथमिकता प्राप्त क्रियाकलापहरु | लक्ष्य | | कार्यान्वयन तथा अनुगमन समय तालिका | | | | | | | जिम्मेवारी र स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | | | आ.व. ०७४/७५ | | | |
| | | इकाई | परिमाण | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | |
| क. | आपूर्तिमा आधारित क्षमता विकास क्रियाकलापहरु | | | | | | | | | | |
| १. | प्रणाली तथा कार्यविधि | | | | | | | | | | |
| १.१ | नीति, प्रणाली र कार्यविधि | | | | | | | | | | |
| १.१.१ | स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिवारे अभिमुखिकरण | पटक | १ | | ✓ | | | | | | जिविस |
| १.१.२ | विशेष कोष कार्यविधी तयारी र जानकारी FM, वुलेटिन र TV | पटक | नियमित | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| १.१.३ | जिविस र गाविस न्यूनतम शर्त र कार्य सम्पादन मापन कार्यविधि वारे जानकारी | पटक | १ | | ✓ | | | ✓ | | | जिविस र LBFC |
| १.१.४ | उपभोक्ता समितिहरुलाई तालिम | पटक | १ | ✓ | ✓ | | | ✓ | | | जिविस |
| १.१.५ | लैङ्गिक समानता तथा समावेशीकरण रणनीति तथा नीति र सञ्चालन कार्यविधि तालिम | पटक | १ | | ✓ | | | ✓ | | | ” |
| १.१.६ | सामाजिक परिचालन निर्देशिका तथा सञ्चालन कार्यविधिवारे जानकारी | पटक | १ | ✓ | | ✓ | | | ✓ | | जिविस अनुदान LGCDP |
| १.१.७ | वार्षिक समीक्षा, सार्वजनिक सुनवाई र सार्वजनिक परिक्षण, नतिजामूलक अनुगमन तथा मुल्याङ्कन फरम्याटहरु तयारी र अभिमुखिकरण | पटक | १ | ✓ | ✓ | | | ✓ | | | जिविस |
| १.१.८ | आदिवासी जनजाति, महिला, दलित, अपांग, मधेशी मुस्लिम पिछडा वर्गको आर्थिक तथा शिप विकास सम्वन्धि तालिमहरु संचालन | पटक | १ | ✓ | | ✓ | | | ✓ | | जिविस अनुदान |
| १.२.९ | जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) | पटक | ३ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस अनुदान LGCDP |

| क.सं. | क्षमता विकासका क्षेत्र, उपक्षेत्र अनुसार क्षमता विकासका प्राथमिकता प्राप्त क्रियाकलापहरु | लक्ष्य | | कार्यान्वयन तथा अनुगमन समय तालिका | | | | | | | जिम्मेवारी र स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | | | आ.व. ०७४/७५ | | | |
| | | इकाई | परिमाण | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | |
| २. | मानव संसाधन र विकास | | | | | | | | | | |
| २.१ | दरबन्दी परिपूर्ती | | | | | | | | | | |
| २.१.१ | जिविसमा र गाविस सचिवहरुको रिक्त दरबन्दी परिपुर्तीका लागी पैरवी | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ” |
| २.१.२ | जिविस र गाविसमा रिक्त दरबन्दी परिपुर्ती | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ” |
| २.१.३ | स्थानीय सेवा केन्द्रहरुमा रिक्त दरबन्दी परिपूर्तीका लागि बहश र पैरवी | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | निक्षेपित कार्यालय |
| २.२ | क्षमता विकास सम्वन्धि विभिन्न तालिमहरु प्रदान | वटा | ३ | ✓ | ✓ | | | ✓ | | | जिविस अनुदान |
| २.२.३ | वातावरण मैत्री पूर्वाधार निर्माण सम्बन्धि तालिम | जना | १ | ✓ | | ✓ | | | ✓ | | ” |
| २.२.४ | वडा नागरिक मञ्चका सदस्यहरुलाई योजना तर्जुमा, कार्यान्वयन, सार्वजनिक परिक्षण सम्वन्धी तालिम | जना | २ | ✓ | | ✓ | | | | | ,, |
| २.२.५ | योजनाहरुको अनुगमन | नियमित | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ,, |
| २.२.६ | लैङ्गिक सामाजिक समावेशी करण बजेट अडिट, सामाजिक परिक्षण | पटक | १ | | ✓ | | | ✓ | | | स्था.वि.म. /LGCDP |
| २.२.७ | सामाजिक परिचालकका लागि सामाजिक परिचालन तालिम | पटक | १ | ✓ | ✓ | | | ✓ | | | ” |
| ३. | वितिय व्यवस्थापन र परिचालन | | | | | | | | | | |
| ३.१ | दर्तावाल लेखा परिक्षक छनौट करार र परिचालन | पटक | | | ✓ | | | | ✓ | | जिविस |
| ३.२ | अन्तर गाविस प्राविधिकहरु छनौट, करार र परिचालन | जना | ५ | | ✓ | | | | | | जिविस |
| ३.३ | न्यूसकास मापन कर्ता छनौट र तालिम | पटक | १ | ✓ | | | | | | | जिविस |
| ३.४ | आन्तरिक आयको प्रक्षेपण र तालिम | पटक | १ | | | ✓ | | | ✓ | | जिविस गाविस |
| ४ | भौतिक पूर्वाधार र उपकरण | | | | | | | | | | |
| ४.१ | जिल्ला सूचना तथा अभिलेख केन्द्र व्यवस्थापनको लागि सामाग्री खरिद | पटक | ३ | ✓ | ✓ | | | ✓ | | | जिविस |

| क.सं. | क्षमता विकासका क्षेत्र, उपक्षेत्र अनुसार क्षमता विकासका प्राथमिकता प्राप्त क्रियाकलापहरु | लक्ष्य | | कार्यान्वयन तथा अनुगमन समय तालिका | | | | | | | जिम्मेवारी र स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | | | आ.व. ०७४/७५ | | | |
| | | इकाई | परिमाण | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | |
| ४.२ | Account, Vital Registration, Social Security Sotware वारे तालिम प्रदान | | | ✓ | | ✓ | | | ✓ | | जिविस र मन्त्रालय |
| ४.३ | Website updating र रेकर्ड व्यवस्थापन सम्वन्धि तालिम | पटक | ३ | ✓ | | ✓ | | | ✓ | | जिविस |
| ४.४ | Website, FM, TV र पत्रपत्रिकाद्धारा कार्यक्रमवारे जानकारी प्रदानसंचालन | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| **५** | **सुशासन र पारदर्शिता** | | | | | | | | | | |
| ५.१ | योजना तर्जुमा गोष्ठी, प्रगति समीक्षा, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| ५.२ | गैसस र नीजि क्षेत्र विच साझेदारी कार्यक्रम संचालन | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| ५.३ | Website, FM, TV र पत्रपत्रिका, वुलेटिनद्धारा कार्यक्रमवारे जानकारी प्रदान | नियमित | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| ५.४ | District Profile, Periodic Plan, DTMP Publication | वटा | १ | ✓ | | | | | | | जिविस |
| **ख.** | **मागमा आधारित क्षमता विकासका क्रियाकलापहरु** | | | | | | | | | | |
| १.१ | गाविस योजना तयारी फरम्याट र तालिम गाविस सचिव | पटक | १ | ✓ | ✓ | | | ✓ | | | **जिविस** |
| १.२ | गाविस आवधिक योजना तर्जुमा सेवा प्रदान | पटक | १ | | ✓ | | | | | | गाविस |
| १.३ | Website updating र Account Sotware सम्वन्धि तालिम | | | | | | | | | | |
| १.४ | निक्षेपित कार्यलयका कर्मचारीहरुलाई प्रस्ताव र प्रतिवेदन लेखन, नेतृत्व विकास र तथ्यांक आदान, GIS, DPMAS सम्वन्धि तालिम प्रदान | पटक | १ | ✓ | ✓ | | | ✓ | | | जिविस/ मन्त्रालय |
| १.५ | निक्षेपित कार्यालयको कार्यक्रमवारे जानकारी र अनुगमन मूल्यांकन। | पटक | १ | ✓ | | | ✓ | | | ✓ | जिविस |
| १.६ | गा.वि.स सचिवहरुलाई सामाजिक समावेशीकरण तथा सामाजिक | पटक | १ | | ✓ | | | | | | जिविस र मन्त्रालय |

| क.सं. | क्षमता विकासका क्षेत्र, उपक्षेत्र अनुसार क्षमता विकासका प्राथमिकता प्राप्त क्रियाकलापहरु | लक्ष्य | | कार्यान्वयन तथा अनुगमन समय तालिका | | | | | | | जिम्मेवारी र स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०७२/७३ | आ.व. ०७३/७४ | | | आ.व. ०७४/७५ | | | |
| | | इकाई | परिमाण | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | प्र.चौ. | दो.चौ. | ते.चौ. | |
| | परिचालन सम्बन्धि तालिम । | | | | | | | | | | |
| १.७ | सामाजिक परिचालकहरुलाई तालिम | पटक | १ | | ✓ | | | ✓ | | | जिविस/ |
| १.८ | गाविसका कर्मचारीहरुलाई क्षमता विकास सम्वन्धि तालिम | पटक | ३ | ✓ | ✓ | | | ✓ | | | गाविस |
| १.९ | उपभोक्ता समितिलाई आयोजना व्यवस्थापन तालिम । | पटक | २ | | | ✓ | | | ✓ | | जिविस |
| १.१० | गाविसहरुलाई कम्प्यूटर, प्रिन्टर, इन्टरनेट जडान सामाग्री वितरण | पटक | १ | ✓ | ✓ | | | | | | जिविस |
| १.११ | गाविसहरुको कर्मचारीहरुको तालिम आवश्यकता पहिचान गरी विभिन्न तालिम संचालन गर्ने | | | ✓ | ✓ | | | ✓ | | | |
| १.१२ | सार्वजनिक खरिद प्रक्रियाबारे जिविस तथा गाविसका पदाधिकारी र कर्मचारी, विषयगत निकाय र नागरिक संगठनका प्रतिनिधिका लागि अभिमुखीकरण तालिम | पटक | १ | | ✓ | | | ✓ | | | **जिविस** |
| १.१३ | सेवा प्रदायकहरुको सूची तयारी र सेवा खरिदको व्यवस्था वारे गाविस सचिवलाई तालिम | पटक | १ | | ✓ | | | | | | जिवि |
| १.१४ | सूचनाको हकबारे सेवा प्रदायक तथा सेवाग्राहीलाई सूचना, शिक्षा तथा सञ्चार माध्यम तथा छलफल द्वारा जानकारी | पटक | १ | | ✓ | | | | | | जिविस |
| १.१५ | स्थानीय तहमा सार्वजनिक सेवा र सुविधा, गुणस्तर र प्रवाहमा रहेका समस्या नियमित छलफल तथा बहश | पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस, विषयगत कार्यालय र गाविस |
| १.१६ | सफल अभ्यास तथा कथा कार्यहरुको डकुमेन्ट्री निर्माण र प्रसारण | पटक | १ | | | | ✓ | | | | जिविस |
| १.१७ | अवलोकन भ्रमण | पटक | १ | | | ✓ | | | | | |
| १.१८ | जिविसमा गैसस तथा सिवियो डेक्स स्थापना र नियमित बैठक | पटक | १ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिवि |
| १.१९ | नीजि क्षेत्रको सहभागिता तथा सार्वजनिक नीजि साझेदारीका क्षेत्रहरुको संभाव्यता अध्ययन र छलफल | पटक | ३ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | जिविस |
| १.२० | अन्तर निकाय समन्वय समिति गठन | पटक | १ | ✓ | ✓ | | | ✓ | | | **जिविस** |

## १०. क्षमता विकास योजनाको अनुगमन तथा मुल्याङ्कन

यस योजनाको नियमित अनुगमनको कार्य जिल्ला क्षमता विकास समन्वय समिति, जिल्ला विकास समिति र जिल्ला सर्वपक्षिय अनुगमन संयन्त्रको हुनेछ । स्थलगत निरिक्षण, सहभागितात्मक अनुगमन, चौमासिक प्रगति प्रतिवेदन, लक्षित तथा लाभन्वित वर्गको पृष्ठपोषण, घटना अध्ययन र अर्धबार्षिक समीक्षा जस्ता विधिहरुबाट यसको प्रगतिको स्थितिको अनुगमन गरिनेछ । यसका साथै संघिय मामिला तथा स्था.वि.म., स्था.शा.सा.वि.का. कार्यक्रम समन्वय इकाई, क्लष्टर समन्वय इकाई, जिविस तथा गाविस महासंघले पनि योजना कार्यान्वयनको दौरान नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ । यसको साथै यस योजनाको अर्धबार्षिक र बार्षिक रुपमा समीक्षा गरी प्रतिवेदन तयार गर्ने र समीक्षालाई आधार मानी योजनाको बार्षिक रुपमा अद्यावधिक गरिनेछ । यसको स्थानीय निकाय जवाफदेहि संयन्त्र तथा दातृ निकायले पनि प्रत्यक्ष तथा परोक्ष रुपमा यसको अनुगमन गर्नेछन् । योजना अवधि समाप्त हुना साथ यस योजनाको प्रभावबारे तटस्थ विषयविज्ञद्धारा मुल्याङ्कन गरी प्रतिवेदन जिल्ला विकास समिति तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय/स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा पेश तथा सञ्चार माध्यमद्धारा सार्वजनिक समेत गरिनेछ । क्षमता विकास योजनाको लक्ष्य, उदेश्य, प्रतिफलहरु तथा सूचकहरु अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

**अनुसूचीहरु**
**अनुसूची १. क्षमता विकास योजनाको लक्ष्य, उदेश्य, प्रतिफलहरु तथा सूचकहरु**

| **योजनाको शारंस** | **मापन गर्ने सूचकहरु** |
| --- | --- |
| **लक्ष्य**<br>जिविस, गाविस एवं साझेदारहरुको सेवा प्रवाह तथा विकास व्यवस्थापन दक्ष, समावेशी, जवाफदेही र प्रभावकारी भएको हुनेछ । | |
| **उद्देश्य :**<br>स्थानीय सेवा प्रवाह पद्धति सरल, स्पष्ट, सहज र गुणस्तरीय भइ विकासका स्थानीय साझेदारहरुको कार्यसम्पादन स्तरमा सुधार भएको हुनेछ । | ✓ स्थानिय निकाय एवम विकासका साझेदारहरुको कार्य सम्पादनका लागि सरल कार्यविधि, संयन्त्र तथा प्रणाली तयार भई प्रयोग भएको हुनेछ ।<br>✓ स्थानीय सेवा प्रवाह र विकासका लागि मानव संसाधनको व्यवस्था, कार्य दक्षता र परिचालन बृद्धि भएको हुनेछ<br>✓ जिल्लाको आन्तरिक स्रोत, वित्तिय व्यवस्थापन तथा परिचालन प्रकृया व्यवस्थित भएको हुनेछ ।<br>✓ विकासका लागि न्यूनतम पूर्वाधार, उपकरण, सुविधा तथा सूचना प्रविधिको बृद्धि भएको हुनेछ ।<br>✓ स्थानीय सेवा प्रवाह र विकासमा स्थानीय नेतृत्व, सहभागिता र पारदर्शिता बृद्धि भएको हुनेछ । सुशासन तथा पारदर्शिताको अवस्था सवल भएको हुनेछ |

| | |
|---|---|
| **प्रतिफल १:** जि.वि.स. तथा गाविसहरुको कार्य सम्पादनका लागि सरल कार्यविधि, संयन्त्र तथा प्रणाली तयार भई भइ प्रयोगमा आएको हुनेछ । | • सेवा प्रवाह तथा कार्य सम्पादनका लागि आवश्यक सुशासन, सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, कृषि, पशु र उधोग आदि सम्वन्धि नीति, निर्देशिका तथा विशेष कोष परिचालनका कार्यविधिहरु तयार भई प्रयोगमा आएका हुनेछन् ।<br>• जि.वि.स. तथा सरोकारवालाहरु गरी कम्तिमा ५००० जना व्यक्तिहरु कार्य सम्पादनका लागि आवश्यक ऐन, नियम, नीति, निर्देशिका तथा कार्यविधिबारे गोष्ठी, पत्रपत्रिका, वुलेटिन, एफ. एम. र टि.भी आदि माध्यमद्धारा जानकारी पाएका हुनेछन् ।<br>• स्थानीय विकास योजना तर्जुमा, अनुगमन, समिक्षा तथा प्रतिवेदन सम्बन्धि फाराम तथा ढाँचा तयार भई प्रयोगमा आएका हुनेछन् ।<br>• तोकिएको ढाँचा अनुसार आवधिक प्रगति विवरण समयमै नियमित रुपमा पेश भएको हुनेछ ।<br>• जिल्ला विकास योजना अनुगमन कार्यतालिका तर्जुमा भई कार्यान्वयन र प्रतिवेदन प्रणाली व्यवस्थित भएको हुनेछ । |
| **प्रतिफल २**: स्थानीय सेवा प्रवाह र विकासका लागि मानव संसाधनको व्यवस्था, कार्य दक्षता र<br>परिचालन बृद्धि भएको हुनेछ । | • जिविसमा रिक्त रहेका दरवन्दी पूर्ति तथा सबै गाविसमा सचिवको व्यवस्था भएको हुनेछ र जिविसका पदाधिकारी, कर्मचारी, गाविस सचिव, दलका प्रतिनिधि, सामाजिक परिचालक, गैसस, सिविओका १५० जना प्रतिनिधिहरुले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनबारे ज्ञान सीप हासिल भएको हुनेछ ।<br>• ८० प्रतिशत योजना तथा कार्यक्रम कार्यतालिका अनुसार समयमा सम्पन्न भएका हुनेछन् ।<br>• जिल्ला तथा गाविसस्तरीय एकिकृत योजना तर्जुमा समिति क्रियाशिल भई समयमै जिल्ला तथा गाउँ परिषद सम्पन्न भएका हुनेछन् ।<br>• जिल्ला तथा गाविस चौमासिक तथा वार्षिक समीक्षा गोष्ठी, सार्वजनि सुनुवाई, सामाजिक परिक्षण, योजनाको सार्वजनिक परिक्षण समय मै सम्पन्न भएका हुनेछन् ।<br>• ३३ वटै गाविसहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र गठन भै योजना तर्जुमा, अनुगमन र स्थानीय सेवाको गुणस्तर परिक्षणमा क्रियाशिल तथा परिचालन भएको हुनेछ । |
| **प्रतिफल ३**: जिल्लाको आन्तरिक स्रोत, वित्तिय व्यवस्थापन तथा परिचालन प्रक्रिया व्यवस्थित भएको हुनेछ । | • दर्तावाल लेखापरिक्षकको परिचालन गरी ४७ वटै गाविसहरुको लेखा राख्ने, समयमा नै आर्थिक विवरण तयार तथा पेश भएको हुनेछ ।<br>• ३३ वटै गाविस र जिविस झापाले Account Software संचालनमा ल्याएका हुनेछन् ।<br>• सबै गाविसका लेखा राख्ने कर्मचारी र गाविस सचिवहरुलाई Record keeping र लेखा राख्ने प्रणाली सम्वन्धि तालिमद्धारा प्रशिक्षीत भएका हुनेछन् ।<br>• सबै गाविसहरु लेखाको श्रेस्ता तथा अभिलेख राखेको र समयमा प्रतिवेदन तयार र पेश भएको हुनेछ । |

| | |
|---|---|
| | • गाविस तथा जिविसको आन्तरिक आयको प्रक्षेपण भई २० प्रतिशतले आन्तरिक आय वृद्धि भएको हुनेछन् । |
| **प्रतिफल ४**:स्थानीय सेवा प्रवाह तथा विकासका लागि न्यूनतम पूर्वाधार, उपकरण, सुविधा तथा सूचना प्रविधिको बृद्धि भएको हुनेछ । | • स्थानीय सेवा प्रवाह तथा विकास सम्बन्धि कम्युटर सफ्टवयर स्थापना र सञ्चालन भएको हुनेछ ।<br>• सूचना प्रविधिको प्रयोग गरी अभिलेख अद्यावधिक गर्ने, नियमित रुपमा प्रतिवेदन तयार गर्ने र दोहोरो सञ्चारको प्रयोग भएको हुनेछ ।<br>• जिविसमा इमेल तथा इन्टरनेट जडान र योजना तर्जुमा, अनुगमन तथा प्रतिवेदनमा प्रयोग भएको र वेवसाईट निर्माण तथा अद्यावधिक भएको हुनेछ ।<br>• जिल्ला सूचना केन्द्रमा तोकिएका सूचना विवरणहरुको अद्यावधिक विवरण राखिएको हुनेछ ।<br>• जिन्सी, पञ्जिकरण, योजना, लेखा, सामाजिक सुरक्षा, गैसस, DPMAS, GIS, WBRS सम्वन्धि Softwareहरु संचालन भएका हुनेछन् । |
